**आकाशवाणी समाचार- नेपाली**

मितिः ०२ नोभेम्बर २०२४

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

1. केन्द्रीय युवा कार्यक्रम अनि खेल मंत्री डॉ मनसुख मांडवियाले युवाहरुसित प्रतिष्ठित राष्ट्रीय युवा पुरस्कार 2022-23 को लागि आवेदन गर्ने आहवान गर्नुभएको छ।

2. रेल मंत्री अश्विनी वैष्णवले हिज बिलुकी नयाँ दिल्ली रेलवे स्टेशनमा त्योहारहरुमा यात्रिहरुका लागि गरिएको विशेष सुविधा तथा व्यवस्थाहरुको समीक्षा गर्नुभयो।

3. भारत अनि चीन का सैनिकहरुले पूर्वी लद्दाख क्षेत्र मा वास्तविक नियंत्रण रेखा मा गश्ती शुरू गरिदिएको छ।

4. स्पेन मा बाढ़सित जुड़ेका घटना मा मृतकहरुको संख्या बढ़ेर 2 सय 2 पुगेको छ।

5. भारत अनि न्यूजीलैंड बिच मुम्बईको वानखेडेमा चलिरहेको तेस्रो अनि अंतिम क्रिकेट टेस्ट मैच को पहिलो दिनमा भारतले हिज आफ्नो पहिलो पारी मा चार विकेट गुमाएर 86 रन बनाएको छ।

**मांडविया - युवा पुरस्कार**

केन्द्रीय युवा कार्यक्रम अनि खेल मंत्री डॉ मनसुख मांडवियाले युवाहरुसित प्रतिष्ठित राष्ट्रीय युवा पुरस्कार 2022-23 को लागि आवेदन गर्ने आहवान गर्नुभएको छ। यो पुरस्कार 15 देखि 29 वर्ष आयु का व्यक्ति एवं संगठनहरुलाई विकास अनि समाज सेवा को विभिन्न क्षेत्रहरुमा उत्कृष्ट कार्य तथा योगदान को लागि दिइन्छ। यी क्षेत्रहरुमा स्वास्थ्यए मानवाधिकार प्रोत्साहनए सक्रिय नागरिकता अनि समुदाय सेवा शामेल छन्। पुरस्कार को रूप मा व्यक्तिलाई पदकए प्रमाण-पत्र अनि एक लाख रूपियाँ नकद तथा संगठन को मामला मा तीन लाख रूपियाँ नकद दिइन्छ। वीडियो संदेश मा डॉ मनसुख मांडवियाले यो पुरस्कार केवल अंलकरण मात्र नभएरए प्रगतिशील अनि समावेशी भारतलाई सशक्त बनाउन मा युवा नेतृत्व को सम्मान रहेको बताउनुभयो। 2022-23 को राष्ट्रीय युवा पुरस्कारहरुका लागि आवेदन गृह मंत्रालय को पुरस्कार पोर्टल को माध्याम बाट आमंत्रित गरिएको हो। आज देखि यस महिना को 15 तारीख, अथार्त १५ नोभेम्बर सम्म आवेदन गर्न सकिन्छ।

****** ० ******

**वैष्णव - नई दिल्ली स्टेशन**

रेल मंत्री अश्विनी वैष्णवले हिज बिलुकी नयाँ दिल्ली रेलवे स्टेशन को भ्रमंण गर्नुभयो जहां उहाँले त्योहारहरुमा यात्रिहरुका लागि गरिएको विशेष सुविधा तथा व्यवस्थाहरुको समीक्षा गर्नुभयो। रेल मंत्रीले स्टेशनमा रेलगाडिहरुको प्रतीक्षा गरीरहेका यात्रीहरुदित कुराकानी पनि गर्नुभयो। उहाँले रेलवे सुरक्षा बल अनि रेल अधिकारिहरुद्वारा यात्रीहरु का सुविधाको लागि गरिएको व्यवस्थाहरुमाथि संतोष व्यक्त गर्नुभयो। पत्रकारहरुसित कुराकानीमा श्री वैष्णवले समुचित व्यवस्थाहरुका लागि अधिकारीहरुको सराहना गर्नुभयो। यसको साथै उहाँले रेलवे स्टेशनमा व्यवस्था बनाए राख्नमा सहयोग गर्नका लागि यात्रीहरुको पनि प्रशंसा गर्नुभयो। श्री वैष्णवले गत वर्ष रेलवेले दिपावली अनि छठ को अवसरमा चार हजार पांच सय विशेष रेलगाडीहरु चलाईएको बताउनुभयो। जबकि, यस वर्ष सात हजार चार सय 35 विशेष रेलगाडिहरु चलाइंदैछ। रेल मंत्रीले 31 अक्टूबर सम्म यी रेल गाडीहरुद्वारा यात्रा गर्नेहरुको संख्या 51 लाख पुगेको पनि बताउनुभएको छ।

****** ० ******

**रेलवे**

रेलवे द्वारा छठ पर्व को मद्देनजर यात्रीहरुको सुविधा अनि सुगम यात्राको लागि विशेष रेलगाड़ीहरु परिचालित गरिन्दैछ। आकाशवाणी समाचारसित विशेष कुराकानी मा उत्तर रेलवे को मुख्य जनसंपर्क अधिकारी, हिमांशु शेखर उपाध्यायले बताउनुभयो कि उत्तर रेलवे द्वारा लगभग 1 सय 40 रेलगाड़ी दिल्ली क्षेत्र का प्रमुख रेलवे स्टेशनहरुदेखि परिचालित गरिएको छ।

BYTE

****** ० ******

**भारत- चीन**

भारत अनि चीन का सैनिकहरुले पूर्वी लद्दाख क्षेत्र मा वास्तविक नियंत्रण रेखा मा गश्ती शुरू गरिदिएको छ। दुवै देशका सैनिकहरु बीच अप्रैल 2020 मा भएको झड़प पछि यस क्षेत्र मा गश्ती बंद भएको थियो अनि लगभग साढे चार वर्ष पछि पुनः शुरू भएको हो। **हाम्रो संवाददाताको एक रिपोर्ट-**

****** ० ******

**रेलवे**

रेलवे द्वारा छठ पर्व को मद्देनजर यात्रीहरुको सुविधा अनि सुगम यात्राको लागि विशेष रेलगाड़ीहरु परिचालित गरिन्दैछ। आकाशवाणी समाचारसित विशेष कुराकानी मा उत्तर रेलवे को मुख्य जनसंपर्क अधिकारी, हिमांशु शेखर उपाध्यायले बताउनुभयो कि उत्तर रेलवे द्वारा लगभग 1 सय 40 रेलगाड़ी दिल्ली क्षेत्र का प्रमुख रेलवे स्टेशनहरुदेखि परिचालित गरिएको छ।

**भारत -अमरीका वज्र प्रहार**

भारत र अमरीका की सेनाहरुको विशेष बलहरुको अभ्यास- वज्र प्रहार आजदेखि अमरीकाको इडाहोमा ऑर्चर्ड कॉम्बैट ट्रेनिंग सेंटरमा शुरू भइरहेको छ ।दुइ देशहरुको सेनाहरुको बीच हुने यो यह १५ औ युद्धाभ्यास हो जो 22 नवम्बरसम्म चल्नेछ । यसै अभ्यासको अघिल्लो संस्करण गत बर्ष दिसम्बरमा मेघालयको उमरोईमा गरिएको थियो द्यरक्षा मंत्रालयले संयुक्त अभ्यासमा भाग लिने दुवै देशका दलमा 45-45 जना सैनिक रहने बताएको छ । वज्र प्रहार युद्धाभ्यासको उद्देश्य रेगिस्तान र अर्ध रेगिस्तानी वातावरणमा संयुक्त विशेष बल संचालनलाई निष्पादित गर्नमा दुवै देशको क्षमताहरूलाई बड़ाउनु हो । यस अभ्यास उच्च स्तरको शारीरिक दक्षताए संयुक्त-योजना र संयुक्त सामरिक अभ्यासमा केंद्रित हुनेछ । भारत र अमरीका का सेनाहरुको बीच यो यस सालको दोस्रो युद्धाभ्यास हो । यस भन्दा पहिले एदुइ देशका सेनाहरु सेप्टेम्बरमा राजस्थानमा युद्धाभ्यासमा शामेल भएका थिए ।

****** ० ******

**कोयला-उत्पादन**

कोयला मंत्रालयले बताए अनुसार यस वर्ष अक्टूबर मा कोयला उत्पादन आठ करोड 44 लाख 50 हजार टन पुगेको छ, जुन चाहिं गत वर्ष अक्टूबर मा सात करोड 85 लाख 70 हजार टन थियो। चालू वित्त वर्ष को अक्टूबर सम्म मा कोयला उत्पादन 53 करोड 74 लाख 50 हजार टन पुगेको छ, जुन चाहिँ गत वित्त वर्षको यसै अवधि को 50 करोड 65 लाख 60 हजार टन को तुलना मा छह दशमलव एक प्रतिशत अधिक हो।

****** ० ******

**स्पेन**

स्पेन मा गृह मंत्रालय को एकीकृत परिचालन समन्वय केंद्र ले बताए अनुसार वैलेंसियन कम्युनिटी मा बाढ़ को कारण मृतकहरुको संख्या बढ़ेर 2 सय 2 पुगेको छ। यसको साथै स्पेनको मौसम विभाग ले देश का दक्षिण-पश्चिमी भागमा वर्षा को आशंका

मा रेड अलर्ट जारी गरेको छ। स्थानीय मीडिया ले बताए अनुसार खोज अनि सफाई अभियान मा सहायता को लागि अतिरिक्त सैन्य कर्मीहरु तैनात गरिएको छ।

****** ० ******

**गुजरात -नव वर्ष**

गुजराती समुदायले विश्व भरमा आज आफ्नो नव वर्ष मनाइरहेको छ। गुजरातमा नव वर्ष विक्रम सम्वत कार्तिक महिनाको पहिलो दिन मनाउने गरिन्छ। गुजराती नव वर्ष बेस्टू वरह को रूपमा पनि लोकप्रिय छ र यो सम्पुर्ण राज्यमा परम्परागत उत्साहको साथ मनाइने गरिन्छ।यस अवसरमा मंदिरहरुमा विशेष पूजा-अर्चना आयोजित भइरहेको छ।

****** ० ******

**सर्बिया.रेल दुर्घटना**

सर्बियामा शुक्रवार उत्तरी शहर नोवी सैडमा एक रेलवे स्टेशनको प्रवेश द्वारमा कंक्रीटको छत ढल्नले कम्तिमा १३ मानिशहरुको मृत्यु भएको छ।गृह मंत्री इविका डेसिकले यसको पुष्टि गर्नु भएको छ। शुरुआतमा आठ पीड़ितहरुको कुरा अघि आएको थियो भने पछि बचाव दलले भग्नावशेषको मुनि फंसेका पांच मानिशहरुको खोजि गरेका थिए। बरामद गरिएका मानिशहरुको घटनास्थलमानै मृत्यु भएको थियो । आपातकालीन कर्मचारीले भाग्नावासेशको बीच फंसेका अन्य जीवित मानिसहरुको खोजीको लागी भारी मशीनरीको उपयोग गरिरहेका छन्। रेलवे स्टेशन के प्रवेश द्वार ढल्न को कारण अहिलेसम्म स्पष्ट भएको छैन ए तर नोवी सैड रेलवे स्टेसन को हालैमा तीन बर्षको नवीनीकरणको पछि जुलाईमा फेरी खुलिएको थियो। सर्बियाई प्रधान मंत्री मिलोस वुसेविकले पीड़ितहरुको परिवारहरु प्रति संवेदना व्यक्त गर्नु भएको छ र यसलाई सम्पूर्ण सर्बियाको लागी कालो शुक्रवार घोसित गर्नु भएको छ। सर्बियाई सरकारले आज राष्ट्रीय शोक दिवस घोषित गरेको छ।

****** ० ******